जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १३२ ❑ २०८३ जेठ ०२ गते शनिबार ❑ Saturday, 16 May 2026 ❑ मूल्य ७ /-




**देशको बीभत्स परिस्थिति सपार्न सजिलो छैन !**

✍ नकूल काजी

३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोनः ०२३-५७५४०९



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।


## संक्षेप

### काठमाडौंमा संयुक्त विद्यार्थी संगठनको मार्चपास

दमक । विद्यार्थी दिवसको अवसरमा संयुक्त विद्यार्थी संगठनहरूले शुक्रबार काठमाडौंमा 'प्रतिबन्धविरूद्ध प्रतिरोध गरौँ' भन्ने नारासहित मार्चपास गरेका छन्। त्रिचन्द्र क्याम्पसदेखि आरआर क्याम्पससम्म आयोजित कार्यक्रममा सहभागी विद्यार्थीहरूले विश्वविद्यालयको स्वायत्तता, अभिव्यक्ति स्वतन्त्रता र विद्यार्थी अधिकारको पक्षमा आवाज उठाएका थिए ।

प्रदर्शनका क्रममा 'इनफ इज इनफ', 'गरिबको चमेली बोल्दिने कोही छैन', 'विश्वविद्यालयको स्वायत्तता सुनिश्चित गर' लगायतका नारासहित प्लाकार्ड प्रदर्शन गरिएको थियो । विद्यार्थी संगठनहरूले विश्वविद्यालयभित्र विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउने सरकारी तयारीको विरोध गर्दै लोकतान्त्रिक अभ्यास कमजोर पार्ने कुनै पनि कदम स्वीकार्य नहुने चेतावनी दिएका छन् ।

### झापा गापाले अतिक्रमण हटाउने

दमक/ झापा गाउँपालिकाले कृषि बजारको जग्गा अतिक्रमण गर्नेलाई हटाउने भएको छ । झापा गाउँपालिका-२ (साबिक कुमरखोद गा.वि.स.) को कृषि बजारको नाममा रहेको साबिक कि.न. ५५ हाल कित्ता न. १ को जग्गामा निर्मित अस्थायी टहरा भत्काइने भएको हो ।

झापा गाउँपालिकाको २ नं वडा कार्यालयले सूचना जारी गरी ३५ दिनभित्र सम्बन्धित व्यक्ति वा पक्षले आˆनै खर्चमा हटाइ जग्गा खाली नगरे प्रचलित कानुन बमोजिम उक्त संरचनाहरु हटाउने जनाएको छ । घर भत्काउँदा लाग्ने खर्च समेत स्थानीय सरकार सञ्चालन एन २०७४ को दफा ४५ (४) बमोजिम सम्बन्धित पक्षबाटै असल उपर गरी कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाइने वडाध्यक्ष हिमालकुमार चम्लागाईद्वारा जारी सूचनामा उल्लेख छ । त्यहाँ कृषि बजारको नाममा ७ कठ्ठा जग्गा रहेको छ ।

### एन्फामाथिको प्रतिबन्ध फकुवा

दमक । अखिल नेपाल फुटबल संघ (एन्फा) माथि लागेको निलम्बन फुकुवा भएकोछ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले शुक्रबार एन्फामाथि आफूले लगाएको प्रतिबन्ध फुकुवा गरेको हो । एन्फा महासचिवसहितको पदाधिकारीले शुक्रबार शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेल लगायतलाई भेटेर छलफल गरेपछि राखेपले प्रतिबन्ध फुकुवा गरेको हो ।

राखेपले पटकपटक दिएको निर्देशन पालना नगरेको भन्दै गत ११ चैतमा खेलकुद विकास ऐन २०७७ को दफा २९ को ९२० लाई टेकेर एन्फा नेतृत्वमाथि निलम्बन गर्ने निर्णय गरेको थियो । निलम्बन फुकुवासँगै नेपालले साफ महिला च्याम्पियनसिपमा सहभागिता जनाउने पक्का जस्तै बनेको छ । एन्फामाथिको निलम्बनपछि नेपालको सहभागीता अन्योलनमा परेको थियो । सहभागीता अन्योलमा परेपनि नेपाली महिला टिमले भने बन्द प्रशिक्षण गरिरहेको थियो ।

## संसदीय अभिव्यक्तिमा मर्यादाको प्रश्न

# अमर्यादित अभिव्यक्ति हटाईयो

✍ खगेन्द्र कार्की

दमक/ संसद जननिर्वाचित सांसदहरूको सहभागीता रहने सर्वोच्च थलोको रूपमा रहन्छ । यहाँ देशका कानून, नियम तथा राष्ट्रिय(अन्तर्राष्ट्रिय सवालहरूमा गम्भिर र शिष्ट बहस हुनु पर्ने हो । तर गत फागुनको निर्वाचन पश्चात कार्यभार सम्हालेको प्रतिनिधी सभाका पछिल्ला वैठकहरूको अवस्था हेर्दा वास्तविकता यस्तो पाईदैन । सभामुखले पटक पटक शिष्ट र सभ्य भाषाको प्रयोग गर्न आग्रह गर्दा पनि कतिपय अभिव्यक्तिहरू त अभिलेखबाटनै हटाउन निर्देशननै दिएका छन् ।

सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधि सभाको बैठकमा प्रयोग भएका असंसदीय र आपत्तिजनक शब्दहरु संसद्को अभिलेखबाट हटाउन सचिवालयलाई निर्देशन दिएका हुन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुख अर्यालले प्रतिनिधिसभा नियमावलीको नियम १२१ को खण्ड (घ) बमोजिम सांसदहरूलाई आˆनो अभिव्यक्तिमा संवेदनशील हुन ध्यानाकर्षण गराएका थिए । नियमावलीले बैठकमा बोल्दा अशिष्ट, अश्लील, अपमानजनक वा सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने गरी बोल्न निषेध गरेको छ । साथै, कुनैपनि व्यक्ति, जाति, धर्म, भाषा वा लिंगलाई होच्याउने वा असंसदीय शब्दको प्रयोग गर्न नपाइने प्रावधानको बारेमा उनले स्मरण गराएका छन् ।

**कस्को के अभिलेखबाट हटाईयो ?**

नेकपा एमालेका संसदीय दलका नेता रामबहादुर थापा बादलले बोलेका असंसदीय शब्द संसदीय रेकर्डबाट हटेको छ । सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावलीको नियम २१ को खण्ड 'घ' विपरीत बादलले बोलेका विषयहरु संसदीय रेकर्डबाट हटाउन संसद् सचिवालयलाई स्लिङ गरेका हुन् । सरकारको नीति तथा कार्यक्रममाथि छलफलमा भाग लिन मंगलबार प्रतिनिधि सभाको रोस्टममा उभिएका बादलले थापाले रास्वपाको उदय, जेनजी आन्दोलनका क्रममा देखिएका दृष्य र नेपाली सेनाबारे प्रश्न उठाएका थिए । 'देश खरानी हुँदा र आˆनै परमाधिपतिको मुख्यालयमा धावा बोल्दा नेपाली सेना राष्ट्रको प्रमुख रक्षक रहस्यमय ढंगबाट किन मूकदर्शक बन्यो ?' उनले भनेका थिए, 'लिपुलेकमा अतिक्रमण हुँदा बेखबर सेनाले सुकुमवासी बस्तीमा किन परेड खेल्दैछ ?'

देशमा एक्लौटी शासन गर्ने योजनाबद्ध प्रक्रियामा रास्वपा रहेको तर्क गरेका थापाले नीति तथा कार्यक्रमले नसमेटेको टिप्पणी गर्दै थप भनेका थिए, 'राष्ट्रिय झन्डा ओढेर देश जलाउने देश[illegible]हीप्रति यो नीति तथा कार्यक्रम आश्चर्यजनक रूपमा किन मौन छ ? असंलग्न नीतिको खिल्ली उडाउँदै सशस्त्र टीओबीहरूको ताण्डव नृत्यप्रति यो नीति तथा कार्यक्रम किन चुपचाप छ ?'

रास्वपालाई 'अराजक भीड' भन्दै थापाको कडा अभिव्यक्तिप्रति रास्वपा सांसदहरूले आपत्ति जनाउँदै रेकर्डबाट हटाउन माग गरेका थिए । बुधबारको प्रतिनिधिसभा बैठकमा पनि सत्तारूढ रास्वपा सांसदहरूले थापाको अभिव्यक्ति रेकर्डबाट हटाउनुपर्ने माग दोहोर्याएका थिए । त्यसपछि सभामुख अर्यालले थापाको भनाइ बाँकी ४ पेजमा ▸▸

## महालेखापरीक्षकको ६३औं वार्षिक प्रतिवेदन सार्वजनिक

# जेन-जी आन्दोलनले अडिट प्रभावित, बेरूजु ७ खर्ब नाघ्यो

दमक । महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/८२ को ६३औँ वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै सार्वजनिक निकायमा वित्तीय अनुशासन सुधार भए पनि बेरूजु अझै उच्च रहेको जनाएको छ । शुक्रबार महालेखा परीक्षक तोयम रायाले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपालको संविधानको धारा २४१ र धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेश गरेका हुन् । प्रतिवेदनमा संघ, प्रदेश, स्थानीय तह तथा विभिन्न समिति र संस्थाहरुको लेखापरीक्षणबाट देखिएका अनियमितता, वित्तीय कमजोरी तथा सुधारका सुझावहरु समेटिएका छन् ।

महालेखापरीक्षक रायाका अनुसार यस वर्ष कुल ५ हजार ५२६ निकायको ९४ खर्ब ८४ अर्ब ५० करोड रूपैयाँ बराबरको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमध्ये संघीय मन्त्रालय तथा निकायका ३ हजार ५० कार्यालयको २९ खर्ब १७ अर्ब ९५ करोड, प्रदेशतर्फ १ हजार १२४ कार्यालयको ३ खर्ब २० अर्ब ३० करोड, स्थानीय तहतर्फ ७२१ निकायको ११ खर्ब ९ अर्ब ५२ करोड तथा समिति एवं अन्य संस्थातर्फ ५७७ निकायको ४ खर्ब ४७ अर्ब ७७ करोड बराबरको लेखापरीक्षण गरिएको हो। त्यसैगरी संघीय कानूनद्वारा स्थापित ४४ संस्थाको ५४ आर्थिक वर्षको ४६ खर्ब ८८ अर्ब ९६ बाँकी ४ पेजमा ▸▸

### कोशीमा बेरूजु ५ अर्ब बढी

विराटनगर । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को (६३औँ) वार्षिक प्रतिवेदनअनुसार कोशी प्रदेशको बेरूजुको ग्राफ बढ्दो क्रममा देखिएको छ । प्रतिवेदनअनुसार कोशी प्रदेशको कुल बेरूजु ५ अर्ब ६३ करोड ५ लाख रूपैयाँ पुगेको छ ।

महालेखाको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्रै कोशी प्रदेशमा ५८ करोड ६६ लाख ८३ हजार रूपैयाँ नयाँ बेरूजु थपिएको छ । कोशी प्रदेशका २०४ वटा सरकारी कार्यालयहरूको ५२ अर्ब ३८ करोड ४९ लाख रूपैयाँको लेखापरीक्षण गर्दा बेरूजु प्रतिशत १.१२ देखिएको छ ।

गत वर्षसम्मको बाँकी बेरूजु ५ अर्ब ४० करोड ५ लाख रूपैयाँ थियो । यस वर्ष केही सम्परीक्षण र बाँकी ४ पेजमा ▸▸

# अस्पतालको जग्गा खाली गर्न पत्राचार

विराटनगर । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका प्रमुख सरकारी अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको स्वामित्वमा रहेको जग्गा र भौतिक पूर्वाधारको सुरक्षा तथा संरक्षणका लागि विशेष निर्देशन जारी गरेको छ ।

मन्त्रालयको आन्तरिक प्रशासन शाखाले गत बुधबार पत्रमार्फत विराटनगरको कोशी अस्पतालसहित २२ वटा ठूला अस्पताल र प्रतिष्ठानहरूलाई सम्बोधन गर्दै तीनवटा निर्देशनहरु तत्काल कार्यान्वयन गर्न र सोको जानकारी मन्त्रालयलाई गराउन निर्देशन दिएको हो ।

मन्त्रालयले अस्पतालहरूलाई पहिलो प्राथमिकतामा राखेर जग्गाको सिमाना यकिन गर्न निर्देशन दिएको छ । 'अस्पतालको स्वामित्वमा रहेको जग्गाको साँध सिमाना स्वीकृत नक्सा अनुसार भए–नभएको यकिन गर्ने तथा सो जग्गामा कुनै अनाधिकृत संरचना निर्माण वा अतिक्रमण भए–नभएको विस्तृत विवरण तयार गर्ने,' पत्रमा भनिएको छ । यो काम तत्काल गर्न मन्त्रालयको निर्देशन छ ।

जग्गाको संरक्षण र अतिक्रमण हटाउने प्रक्रियाका बारेमा मन्त्रालयले थप स्पष्ट र कडा नीति अख्तियार गरेको छ । 'अस्पतालको स्वामित्वमा रहेका जग्गाको अतिक्रमण भएको पाइएमा सम्बन्धित व्यक्ति वा संस्थालाई निश्चित समयसीमा तोकी लिखित सूचना जारी गर्ने र सोको पालना नभएमा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गरी अतिक्रमण हटाई अस्पतालको भोगाधिकार पुनः कायम गर्ने व्यवस्था मिलाउने,' पत्रमा उल्लेख छ ।

त्यसैगरी, भविष्यमा हुन सक्ने सम्भावित अतिक्रमण रोक्न र जग्गाको कानुनी अभिलेखलाई दुरूस्त राख्न समेत मन्त्रालयले निर्देशन गरेको छ । 'अतिक्रमणमुक्त बाँकी ४ पेजमा ▸▸

# प्रदेश सरकारद्वारा ६१ लाख राहत

दमक/ कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विपद्जन्य घटनाबाट प्रभावित परिवारलाई ६१ लाख ६० हजार रूपियाँ राहत उपलब्ध गराएको छ । विपदका विभिन्न घटनामा परी ज्यान गुमाएका र घरबासमा क्षति पुगेका १३५ घटनाका पीडित परिवारलाई सो रकम वितरण गरिएको हो ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराएको वैशाख १० गतेसम्मको तथ्यांक अनुसार, राहत पाउनेमा सबैभन्दा धेरै आगलागीका घटनाका पीडित छन् । ७० वटा आगलागीका घटनामा घर क्षति भएका परिवारलाई १६ लाख पाँच हजार रूपियाँ र आगलागीमा परी मृत्यु भएका दुई जनालाई एक लाख ५० हजार रूपियाँ राहत दिइएको छ । यस्तै, बाढी तथा पहिरोमा परी मृत्यु भएका ५४ जनाका परिवारलाई ३७ लाख ५० हजार रूपियाँ वितरण गरिएको छ । यस वर्ष इलाम जिल्लामा बाढीपहिरोको विपदबाट ठूलो मानवीय क्षति भएको थियो ।

यस्तै हावाहुरीका कारण घर क्षति भएका १७ परिवारले दुई लाख ५५ हजार र हावाहुरीले रूख ढालेर मृत्यु भएका नौ जनाका परिवारले तीन लाख रूपियाँ राहत प्राप्त गरेका छन् ।

### मनसुन प्रतिकार्य कार्ययोजना तयार

विराटनगर । कोशी प्रदेश सरकारले आउँदै गरेको मनसुनलाई लक्षित गरी 'मनसुन पूर्वको पूर्वतयारी तथा प्रतिकार्य प्रदेश कार्ययोजना २०८२/२०८३' स्वीकृत गरेको छ । कार्ययोजनाले बाढी, पहिरो, हावाहुरी, चट्याङ र सर्पदंश जस्ता जोखिमपूर्ण क्षेत्रको पहिचान गरी क्षति न्यूनीकरण गर्ने लक्ष्य राखेको छ ।

कार्ययोजनामा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने, उद्धारका लागि सुरक्षा निकाय र स्वयम्सेवकहरूलाई तयारी अवस्थामा राख्ने र राहत सामग्रीको पूर्व भण्डारण गर्ने विषयहरु प्राथमिकतामा राखिएका छन् । प्रदेश सरकारले विपद् पछिको उद्धार र राहतलाई मात्र नभई जोखिम न्यूनीकरण र पूर्वतयारीलाई पनि एकीकृत रूपमा अगाडि बढाउने योजना बनाएको छ । मन्त्रालयले अबका दिनमा प्रहरी र प्रशासनको तथ्यांकलाई एकीकृत गरी वास्तविक पीडितलाई छिटो राहत पुऱ्याउने प्रतिबद्धता जनाएको छ ।

### कमलका शिक्षकलाई बाह्य अध्यापनमा जान रोक

दमक । झापाको कमल गाउँपालिकाले आफना पालिका भित्रमा कार्यरत सामुदायिक बिद्यालयका शिक्षकहरूलाई अन्यत्र पठनपाठन गर्न कडाईका साथ रोक लगाउने भएको छ ।

स्थानीय सरकार र सम्बन्धित बिद्यालय व्यवस्थापन समितिसँग अनुमति/स्वीकृत नलिई बाहिरका शिक्षण संस्थामा काम गर्न जान नपाउने व्यवस्था कडाइँसाथ लागू गर्ने भएको गाउँपालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले शुक्रवार बिद्यालयलाई परिपत्र गर्दै सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कठोर कदम चाल्ने निर्णय गरिएको उल्लेख गरेका छन् ।

गाउँपालिकाले शिक्षा नियमावली - २०५९ तथा शिक्षक आचारसंहितामा सामुदायिक विद्यालयका शिक्षकहरुले व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीको स्वीकृति बिना आफू कार्यरत विद्यालय बाहिर काम गर्न नपाइने व्यवस्था रहेको स्मरण गराउदै परिपत्रमा भनिएको छ , ('सम्बन्धित शिक्षकहरूले आवश्यक स्वीकृति लिएर मात्र बाह्य अध्यापन गरेको हो वा होइन भन्ने विषयमा स्पष्ट विवरण उपलब्ध गराउन निर्देशन गरेका छौं ।' बाँकी ४ पेजमा ▸▸

### लामा सहित १६ पदमुक्त

दमक/ निर्वाचन आयोगले जिल्ला समन्वय समिति ताप्लेजुङका प्रमुख छिरिङ लामालाई पदमुक्त गरेको छ । दल त्याग गरेका कारण आयोगले लामासहित देशभरका १६ जना जनप्रतिनिधिलाई पदमुक्त गरेको हो । दल त्याग वा परिवर्तन गरेका जनप्रतिनिधिलाई पदमुक्त गरिएको निर्वाचन आयोगलेसूचना प्रकाशित गरी जानकारी गराएको छ । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) को तर्फबाट लामा जिल्ला समन्वय समिति प्रमुखमा निर्वाचित भएका थिए । एकीकृत समाजवादी र नेकपा (माओवादी केन्द्र) लगायतले पार्टी एकीकरण गर्दै बाँकी ४ पेजमा ▸▸


**पार्ट टाइम जबको अवसर**

**पढाई तथा अन्य कामबाट बिहान-दिउँसो फुर्सदीलो समयलाई सदुपयोग गर्दै इच्छुक केही व्यक्तिलाई पूर्वसन्देश दैनिकमा पत्रिका सम्बन्धी कामका लागि पार्ट टाइम जबको व्यवस्था गरेको हुँदा आफ्नो अनुकूलको समय उल्लेख गर्दै सम्पर्क गर्न सूचित गरिन्छ । कार्यालय बाहिर बसेर पनि काम गर्न सकिनेछ ।**

सम्पर्कका लागि : ९८१६९९९२००


**गौरीगञ्ज गाउपालिका झापाको**

**धरौटी रकम फिर्ता लिन आउने सम्बन्धमा सूचना**

सूचना प्रकाशन मितिः २०८३/०१/२८

प्रस्तुत बिषयमा यस कार्यलय अन्तर्गत आ व २०८०/८१ सम्म कार्य सम्पन्न भएका निर्माण व्यवसायी, परामर्शदाता, उपभोक्ता समिति तथा व्यक्तिहरुको नाममा समेत धरौटी जम्मा भएकाले सार्वजनिक खरिद नियामवली २०६४ को नियम १२३ बमोजिम कट्टा गरी राखिएको धरौटी रकम फिर्ता लिन कर समायोजान सहित १५ दिन भित्र यस कार्यलयमा निवेदन दिनुहुन जानकारी गरिन्छ । अन्यथा उक्त धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम राजस्वमा दाखिला गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

नोटः धरौटी विवरण कार्यलयको वेभसाइट https://gaurigunjmun.gov.np मा प्रकाशित छ ।

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

संस्मरण



## कामसूत्रका पहिलो स्रष्टा होइनन् वात्स्यायन

डा. तुलसी भट्टराई

क्रमागत :

यस कामसूत्रको पहिलो अध्यायमा धर्म, अर्थ र काम तीनवटै पुरूषार्थलाई नमस्कार गरिएको छ । यी तत्वबारे ज्ञान गराउने गुरूहरूलाई नमस्कार गरिएको छ । संसारको सृष्टिसँगै मानव सृष्टिपछि यस सृष्टिलाई राम्ररी संचालन गर्न प्रजापति अर्थात्– संसारका रचयिताले नै एक लाख अध्याय भएका महाग्रन्थहरू समेत रचेका थिए । तीमध्ये धर्म सम्बन्धी विषयहरूलाई स्वयम्भु मनुले छुट्याएर अर्को ग्रन्थ 'मनुस्मृति' बनाए । त्यसपछि बृहस्पतिले अर्थशास्त्र सम्बन्धी अध्याय छुट्याएर 'अर्थशास्त्र' को ग्रन्थ रचे । त्यही परम्परा कौटिल्यको अर्थशास्त्रसम्म आइपुग्यो ।

शिवजीका नन्दी नाम गरेका गण–सेवकले कामसूत्र छुट्याएर एक हजार अध्यायभित्र निर्माण गरेका थिए । फेरि श्वेतकेतु भन्ने आचार्यले त्यस एक हजार अध्यायलाई छोट्याएर पाँच सय अध्यायको कामसूत्र तयार पारे । बभ्रु भन्ने अर्का विद्वान्ले त्यस ग्रन्थलाई १५० अध्यायमा सीमित पारे । फेरि बभ्रुका पुत्र वाभ्रव्यले त्यसको पनि संक्षेप गरेर कामसूत्र सार बनाए । तर पछि यो पनि जनसाधारणमा प्राप्त हुन सकेन । त्यसपछि मात्र सबैले बुझ्ने र जान्ने गरी अति संक्षेपमा वात्स्यायनले कामसूत्र बनाएको कुरा वर्णन गरिएको छ । क्रमशः

यसरी यो 'कामसूत्र' भनेर छुट्टै शास्त्र कसरी तयार भयो भन्ने कुरा संक्षेपमा दिइएको छ । धर्म, अर्थ, मोक्षसँगै 'काम' को महत्ता समेत व्याख्या–विश्लेषण गरिएको छ । सम्पूर्ण विद्याहरूकै एउटा प्रमुख विद्या हो काम विद्या भनिएको छ । नागरिकले बार्ने कार्य र वृत्ति–व्यवसायसँगै 'कामवृत्ति' पनि प्रमुख अंगका रूपमा गनिन्छ ।

कामसूत्रको दोस्रो अध्यायमा वैवाहिक जीवन प्रारम्भ गरेपछिका युवा जोडीले कसरी काम जीवन– यौनजीवन प्रारम्भ गर्नुपर्छ भनेर विधि–उपायक्रम वर्णन गरिएको छ । पतिपत्नीले परस्पर एक अर्काका इशारा, इच्छा, आकांक्षा र मनोवृत्तिबारे सबभन्दा पहिले बुझ्नुपर्छ । पतिले पत्नीका भाव र आशय बुझे पत्नीले पतिका इच्छा, आकांक्षा भाव बुझ्ने काम पहिलो कर्तव्य हो ।

'भाव कसैसँग केही नबुझी, चुपचाप सही प्रिय–प्रेम नछर्नु ।' परस्पर बुझाबुझ नगरी एकैचोटी 'काम' यौन प्रयोगतर्फ लाग्नु भनेको पशुत्व हो, मनुष्य आचरण होइन । दुवैमा अनुकूल अवस्था सिर्जना हुनुपर्छ । दुवैमा मिलापको उपयुक्त स्थान, एकान्त स्थानको आवश्यकता पर्दछ । वैवाहिक जीवनको प्रारम्भ– काम अथवा काम–यौन प्रारम्भ सुखद र परस्पर अनुकूल हुनसक्यो भने मात्र अगाडिको जीवन सार्थक र सुखमय बन्दछ । वात्स्यायनले यसरी प्रष्ट पारेका छन् ।

प्रेम–प्रीतिका प्रकारहरू– वैवाहिक जीवन कसरी प्रेममय बनाउने, परस्पर कसरी एक अर्कालाई प्रभावित पारेर आकर्षित पार्न सकिन्छ भन्ने कुराको विवरण छ ।

त्यसैगरी, स्त्री–पुरूषबीचको आलिंगन भनेको के हो ? यसले यौनजीवनमा के कस्तो प्रभाव पार्छ ? आलिंगन– कति किसिमको हुन्छ ? कस्तो, कुन आलिंगन कुन बेला कहाँ कसरी गर्ने भन्ने ज्ञान पाइन्छ । त्यसैगरी चुम्बन के हो ? चुम्बन कति प्रकारका हुन्छन् ? कुन कुन अंगमा चुम्बन गर्दा के कस्तो प्रभाव पर्छ ? चुम्बनले परस्पर कति आत्मीयता बढाउँछ ? "काम' र चुम्बनको परस्पर सम्बन्ध कस्तो हुन्छ ? आदि यावत् प्रकारका चुम्बन विधिहरूको विश्लेषण गरिएको छ ।

राग–वासना के हो ? कति प्रकारका हुन्छन् ? राग भनेको "काम' भावको कस्तो अवस्था हो ? त्यसैगरी, प्रणय–प्रेमकै अवस्थामा आइपर्ने कलह–विराग वा झगडा के हो ? के कसरी यस्तो प्रेम, कलह उत्पन्न हुन्छ । अनि यसरी उत्पन्न हुने कलहलाई कसरी पुनः प्रेम–प्रणयमा रूपान्तरित गर्ने, स्त्रीमा उब्जेको कलह वा पुरूषमा उठेको कलह दुवै प्रेम कलहको समाधान कसरी गर्ने, स्त्रीको कर्तव्य, पुरूषको कर्तव्य, दुवैका पारस्परिक समझदारी र कलह शान्त पार्ने उपाय आदिको समेत व्याख्या–विश्लेषण छ ।

कामको अन्तिम रूप यौनक्रिया र यौन प्रवृत्तिबारे कामसूत्रमा विस्तृत व्याख्या छ । यसलाई यी उपायलाई वैवाहिक जीवनमा सकारात्मक रूपबाट जीवन–उत्थानका निम्ति प्रयोग गर्न निर्देशन दिइएको छ । दुवै पतिपत्नी जानकार र विवेकपूर्ण व्यवहार गर्न सक्ने, मानसिक र शारीरिक दुवै प्रकारले स्वस्थ रहन सके, परस्पर प्रेममय बाँच्न सके मात्र यौनजीवन सफल र सार्थक बन्छ भन्ने कुरा वात्स्यायनले दर्शाएका छन् ।

# देशको बीभत्स परिस्थिति सपार्न सजिलो छैन !



✍ नकूल काजी

**शासकीय शिविरमा अहोरात्र रडाको, तँछाड-मछाड, निसासिने तानातान र हानाहान, भ्रष्टाचार, धाँधली, महंगी, अभाव, दलीय पक्षपात आदि- इत्यादिले नागरिक जीवन-जीविका झन हाकाहाकी प्रभावित बन्न पुगी 'राष्ट्'-कै परिचायक परिभाषाको समग्रता नै स्खलनको स्थितिमा पुगेको थियो ! तब बल्ल गानिइरहेको निराशा, आक्रोश,उकुसमुकुस प्रस्फुटित हुन थालेका हुन् । यद्यपि, त्यो प्रस्फुटन भुक्तमान भोग्नेहरूबाट प्रत्यक्ष सहज सम्भव थिएन ।**

२०४७ साल चैत २७ को युगान्तक परिवर्तनलाई त्यस ऐतिहासिक कोशेढुङ्गोबाट यताका अभ्यासमा क्रमशः बढ्दै-झाङ्गिँदै आएका असौष्ठव प्रकरणहरूले लगार्ने दुष्कर्म बढाउँदै ल्याएको दुर्भाग्य भुक्तभोगी नेपालीका अभ्यन्तरमा छन् । सो आभ्यन्तरिक अनुभूति समय-समयमा केही व्यक्त हुन सके-कतिपय व्यक्त हुँदै पनि छन्। तर,राज्यसत्ताका मुखिया र डफ्फेदारहरूका निर्मम दलनमा, सायद, बहुसंख्यकको हविगतले भ्याएन होला र त्यस्ता आधारभूत गुनासा मुटुमै राख्न बाध्य भए होलान् । परम्परागत हुकुमी शासनका प्रति आमरूपमा बिस्तीर्ण चिढले लोकतान्त्रिक वकालतवाजी आकर्षक बन्नु कहीँ पनि जन-मनोवैज्ञानिक स्वाभाविकता हुने हुनाले सो वकालतवाजीमा अवोध र अनभ्यस्त नागरिक तप्का साक्षी बसेका होलान् । तर, छोटै कालान्तरमा ती नेतारूपी वकिलहरूले बखानमा ल्याएका प्रजातन्त्र-लोकतन्त्रका

'भावी सुन्दर सपनाहरु' तिनै नेताका उदरम्भरी स्वार्थ मात्रमा गुटमुटिन गयो ! 'लोकतन्त्र'-को प्राप्तिपछि हुने लोकहितकारी सुशासन र अमन-चैनको वकालत ती नेतारूपी वकिलहरूले, सायद, त्यसरी नै बखानेका थिए होलान् जसरी छ जना दृष्टिविहीनले हात्ती छामेर त्यसको आकार-प्रकार बखानेको एउटा दन्त्यकथा छ । तर, यथार्थमा २०४७ अघिको भन्दा, अझ चिढ्याइँदो स्थितिले, गरीब-निमुखा नागरिक जीवनका हकमा मात्र होइन, देशको स्थूल अस्तित्व र अस्मिताकै लागि लोकतन्त्रको भविता केवल 'छेपाराको टाउकोमा चमेलीको तेल' उखान जस्तै-जस्तै बन्न पुग्यो ।

शासकीय शिविरमा अहोरात्र रडाको, तँछाड-मछाड, निसासिने तानातान र हानाहान, भ्रष्टाचार, धाँधली, महंगी, अभाव, दलीय पक्षपात आदि- इत्यादिले नागरिक जीवन-जीविका झन हाकाहाकी प्रभावित बन्न पुगी 'राष्ट्र'-कै परिचायक परिभाषाको समग्रता नै स्खलनको स्थितिमा पुगेको थियो ! तब बल्ल गानिइरहेको निराशा, आक्रोश,उकुसमुकुस प्रस्फुटित हुन थालेका हुन् । यद्यपि, त्यो प्रस्फुटन भुक्तमान भोग्नेहरूबाट प्रत्यक्ष सहज सम्भव थिएन । पुस्तैनी दमितभावका धङधङीले त्यो पुर्णतः आक्रान्त र निर्बल थियो । तर, त्यो पुस्ताका प्रति आत्मनिवेदित अनुजहरूका संवेदनशील आँट मुखर भएको थिएन भने सायद आज पनि देश र देशवासीको वर्तमान र अदूर-सुदूर भविष्यको कल्पना यो वर्तमानकै जति पनि साध्य हुनसक्ने थिएन । यो अववोधन नै यो कलमले बुझेको कञ्चन यथार्थ हो ।

अर्थात्, त्यस्तो कराल विकराल अवस्थामा नवकिशोर र नवयुवा वय वर्गका समय-सान्दर्भिक विचारवाहकहरूबाट सम्भव हुन सक्ता नै आजको समयले उसको अभीप्सित वातावरण पाएको हो । अन्यथा, टाउकामा 'चमेलीको तेल' दलेर नागरिक समाज सामू मग्मगाउन पुग्दै र सम्मोहित गर्दै 'आफ्नो हुँदो'-को खेती सपार्ने ढाँट-छली छेपाराहरु अहिले पनि उसरी नै नाचिरहेका हुन्थे होलान् ,उनीहरु जो अहिले पनि पुरानै झाँकी नार्न अँगालिएका छन् । यो उनीहरूमा छिप्पिएको कमाउकान्ते मनोविज्ञानको भुस्याहा करामत प्रदर्शनको नयाँ अध्याय हो, जो गत फागुनको चुनावसम्मको हठको बाल-संस्करणको रूपमा देखिँदो छ । र, यो जो आज दृश्यमा अवतरित साँढेगिरी देखिँदो छ यो उही शक्तिको आडमा छिप्पिएर हुर्केको दण्डहीनताको सम्पूरक दृश्यभन्दा अर्को केही होइन । यसमा राजनीतिक इमानदारी लवलेश छैन भन्नलाई हिचकिचाउनै पर्दैन । यसैलाई समेत सुचिकृत गरेरै यो कलमले पटक-पटक देशको वर्तमानसम्मको दुर्दशा, भाँडभैलो र भावी दिनका अझ सघन अन्धकार 'सिद्धान्ततः लोकतान्त्रिक स्वतन्त्रताको दुरूपयोग'-बाट प्रादुर्भूत समस्या भन्दै आएको हो । देशलाई त्यसका रथि-सारथि र सयसहरूको मिलीभगते दण्डहीनताले कायल पारिरहँदाको पुरानो खायल बनाइराख्ने देशको परिभाषाका सम्पूर्ण अवयवहरूका हकमा निरर्थक र घातक स्वार्थका ताउरमाउर भन्दा अर्को केही होइन । नत्र, आफूहरु छुल्छुले 'छेपारो' टाँचा'-ले सृङ्गारित हुँदा पनि निर्लज्ज पन्पाउनै सहज मानेर वेफिक्री चलफिर गर्न नहिच्किचाउने उनीहरूले अहिले 'गणतन्त्र'-लाई 'लुटतन्त्र' बनाएर सोहोर्ने अवसर पुनर्जीवित गराउने रिठ्टे तुजुक बाहेक अरु केही गरिरहेका छन् र ? आजको तरोताजा गतिबिधिमा उनीहरूका नक्कचराइँ योभन्दा अर्को के देखिँदैछ र, कठै ! अन्यथा, लोकतान्त्रिक राजनीतिक पद्धति बमोजिम सरकार कुनै एउटा पदाधिकारीको अराउ-खटनमा होइन संस्थागत रूपमा चल्नुपर्छ । यो नै लोकतन्त्रको अपरिहार्य सैद्धान्तिक शर्त हो । होइन भने सरकार भनेको प्रधानमन्त्री बनेको व्यक्ति मात्र हो त ? भनेर अहिले संसदमा पुगेका एमालेजनलाई नै सोध्ने हो भने, हिजो उनीहरु सत्तामा भएका बेलाको आभ्यासिक सन्दर्भमा, के जवाफ देलान् त ? यी अक्षरहरु लेखिइरहेको बेलासम्म, हिजोको एमाले सरकारकालवाला बाँकट्टे जोतभोगको हुकुमी नायक खड्गप्रसाद ओलीका हुकुममा निगुरमुन्टी पाउभक्त पटवारी, कार्बारी, जिम्माल, बहिदार र गोठाला-खेतालाहरु गर्धनका नसा फुलाएर स्वर घोर्ल्याइरहेका छन् । अर्थात् तिनले 'लोकतान्त्रिक सरकार' कसरी बुझेका रहेछन् भन्ने सिलसिलामा यी प्रश्नहरु जन्मिएका हुन् ! कवि शिरोमणि लेखनाथको सूक्तिले - 'अरूलाई पर्दा वेदान्त-आफूलाई पर्दा प्राणान्त ?' भनेकै छ । यो सूक्तिलाई नै पनि उनीहरु त 'बुर्जुवा' भनेर चिप्लिने हुन् कि ?

२०४७ को युगान्तकारी परिवर्तनकालमा रोपिएको कुनै बरूवाफ नमरी बाँचेको भए आज (३६ वर्षको) बढेमानको रूख भएको होला । अथवा ०४७ सालमा जन्मिएको कुनै शिशु आज ३६ वर्षको लक्का भएको छ । त्यो रूख गणतन्त्रले बढाएको होइन, न त त्यो शिशुलाई ३६ वर्षे बनाउन गणतन्त्र नै चाहिने थियो ! यी दुवै नैसर्गिक विकास हुन् । यस्ता कुरालाई कुनै पनि राजनीतिक व्यवस्था र त्यसको नेतृत्व गर्ने वा गरिरहेको व्यक्ति (नेता ?)-ले प्रतिष्ठा प्रतिष्ठापनको प्रमाणमा दर्ज गर्नु हास्यास्पद नै ठहर्छ । तर, हाम्रो देशमा यसै गर्ने गरिँदै आएको छ - जो आफ्नो दायित्वको प्रयत्न वा पौरखबाट भएको होइन तापनि त्यसको श्रेय लिने चलनले लोकतन्त्रको स्थापनापछिका कुनै समयलाई पनि मुक्त राखेन भने यो 'स्वतन्त्र'कालको शुरुआतभन्दा अघिको पिराहा शासकीय कालखण्डमा त झन् उधूमै चलेको थियो । अझ यसलाई सरलीकरण गरेर भन्ने हो भने केपी ओलीले 'प्राइभेट लिमिटेड'-को रूपमा देश र शासन चलाएका कालखण्डहरूमा त उनका भक्तजनहरूको भजनको स्थायी र अन्तरा 'बोल' (lyric) नै यस्तैयस्ता हुने गर्थे !

त्यसो त, लोकतन्त्रप्रदत्त स्वतन्त्रताको दुरूपयोगमा, लोकतन्त्रोत्तर देशको शासन मुठ्याउन पालो फेरेर पुग्ने प्रमुखहरु कोही पनि 'जो अगुवा उहीँ बाटो हगुवा' उखानको भाकामा हिँड्न पछि परेनन् । त्यसो भएपछि 'जसो-जसो बाहुन बाजे उसै-उसै स्वाहा'-को आभ्यासिक पुकार नगरेर जनता बनेका नागरिकले के सिकुन् त ? अहिलेको सरकारलाई फलानो पार्टीको सरकार नभनेर 'बालेन सरकार' भनिनु पनि हियाउनु-होच्याउनुभन्दा बढी पुरानो आनीबानीले आक्रान्त मानसिकताको कैफियत नै हो । त्यसलाई छिन्किएर सपार्न सजिलो कहाँ छ र !!...शेष फेरि ।

# नीति तथा कार्यक्रममा पाँच सिद्धान्त र प्राथमिकता

दमक । सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताले मुलुकलाई आर्थिक सुधार, सुशासन र संरचनात्मक परिवर्तनतर्फ लैजाने महत्वाकांक्षी खाका प्रस्तुत गरेको छ। अर्थमन्त्री स्वर्णिम वाग्ले ले संघीय संसद्को दुवै सदनमा प्रस्तुत गरेको नीति तथा प्राथमिकताले केवल बजेटको आधार मात्र तय गरेको छैन, वर्तमान सरकारले देशलाई कुन दिशातर्फ लैजान खोजिरहेको छ भन्ने राजनीतिक र आर्थिक संकेत पनि दिएको छ। परिवर्तनकामी युवाहरूको जनमत र नयाँ राजनीतिक चेतनाको जगमा बनेको सरकारले "थिति बसाल्ने" संकल्पका साथ नीतिगत स्थायित्व, परिणाममुखी शासन र आर्थिक पुनःसंरचनालाई प्राथमिकतामा राखेको देखिन्छ।

अर्थमन्त्री वाग्लेले प्रस्तुत गरेका पाँच सिद्धान्तमध्ये पहिलो सिद्धान्त सुशासनको लाभांश हो। सरकारले राज्यको सेवा प्रणालीलाई डिजिटल र पारदर्शी बनाउँदै प्रशासनिक झन्झट, बिचौलिया प्रवृत्ति र भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धता जनाएको छ। "एक पटक विवरण-सबै सेवामा प्रयोग" भन्ने अवधारणामार्फत नागरिकलाई सरकारी सेवामा सहज पहुँच दिने लक्ष्य राखिएको छ। नेपालमा विगतदेखि नै सुशासन राजनीतिक नारामा सीमित रहँदै आएको अवस्थामा डिजिटल प्रशासन, एकीकृत डाटाबेस र नागरिक एपमार्फत सेवा प्रवाहलाई सरल बनाउने योजना सकारात्मक देखिन्छ। तर भ्रष्टाचार नियन्त्रण, सम्पत्ति शुद्धीकरण र सार्वजनिक स्रोतको दुरूपयोगविरूद्ध कठोर कदम चाल्ने घोषणा व्यवहारमा कति प्रभावकारी हुन्छ भन्ने प्रश्न अझै कायम छ। विगतका सरकारहरूले पनि यस्तै प्रतिबद्धता जनाए पनि कार्यान्वयन कमजोर हुँदा जनविश्वास घट्दै गएको यथार्थलाई सरकारले बुझ्न जरूरी छ।

दोस्रो सिद्धान्त अर्थतन्त्रको पुनःसंरचनासँग सम्बन्धित छ। सरकारले हालको आयात र उपभोगमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउने घोषणा गरेको छ। निजी क्षेत्रको आत्मविश्वास बढाउने, सिण्डिकेट र एकाधिकार अन्त्य गर्ने तथा सामाजिक बजार अर्थतन्त्रलाई सुदृढ गर्ने लक्ष्य उल्लेख गरिएको छ। कृषि, उद्योग, सूचना प्रविधि, पर्यटन र ऊर्जा क्षेत्रलाई उत्पादन तथा रोजगारीको मुख्य आधार बनाउने सरकारको योजना महत्वाकांक्षी देखिन्छ। विशेषगरी नेपाललाई स ़टवेयर, एआई र क्लाउड सेवाको निर्यात गर्ने "टेक हब" बनाउने अवधारणाले नयाँ पुस्तालाई आशावादी बनाउने प्रयास गरेको छ। विश्व अर्थतन्त्र डिजिटल प्रविधिमा आधारित हुँदै गइरहेको अवस्थामा नेपालले पनि प्रविधिमै आधारित सेवा अर्थतन्त्र निर्माण गर्न सक्ने सम्भावना छ। तर यसका लागि दक्ष जनशक्ति, विश्वसनीय पूर्वाधार र स्थिर नीति अपरिहार्य हुनेछन्।

तेस्रो सिद्धान्तमा एकीकृत पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ। भूगोल, उत्पादन र बजारबीचको दूरी घटाउन सडक, ऊर्जा, हवाई तथा डिजिटल पूर्वाधारको विस्तार गरिने उल्लेख गरिएको छ। पुष्पलाल राजमार्ग, हुलाकी राजमार्ग र उत्तर-दक्षिण करिडोरजस्ता रणनीतिक परियोजनालाई 'मिसन मोड'मा अघि बढाइने सरकारको योजना छ। साथै जलाशययुक्त ऊर्जा आयोजना, सहरमा मास ट्रान्जिट प्रणाली र एकीकृत फोहोर व्यवस्थापनलाई पनि प्राथमिकतामा राखिएको छ। नेपालमा विगतदेखि ठूला आयोजना ढिलाइ, वन तथा जग्गा विवाद, खरिद प्रक्रियाको जटिलता र राजनीतिक हस्तक्षेपका कारण प्रभावित हुँदै आएका छन्। त्यसैले सरकारले उल्लेख गरेका कानुनी तथा संस्थागत सुधार कार्यान्वयन हुन सके मात्र पूर्वाधार विकासले गति लिन सक्छ।

चौथो सिद्धान्त सर्वव्यापी सामाजिक उन्नयन र मध्यमवर्ग विस्तारसँग सम्बन्धित छ। सरकारले शिक्षा, स्वास्थ्य र सीप विकासलाई आर्थिक वृद्धिसँग जोड्ने प्रयास गरेको छ। शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने, अनुसन्धान र नवप्रवर्तन कोष स्थापना गर्ने तथा श्रम बजारसँग जोडिएको शिक्षामा जोड दिने घोषणा गरिएको छ। स्वास्थ्य बीमा प्रणालीको पुनःसंरचना र स्थानीय तहसम्म आधारभूत अस्पताल सेवा विस्तार गर्ने योजना पनि सकारात्मक देखिन्छ। कर्णाली, मधेश र सुदूरपश्चिमजस्ता पछाडि पारिएका क्षेत्रलाई राष्ट्रिय सम्भावनाको केन्द्रका रूपमा विकास गर्ने प्राथमिकताले समावेशी विकासको संकेत गरेको छ।

पाँचौं सिद्धान्त सौम्य शक्तिको सुदृढीकरण हो। सरकारले सन्तुलित परराष्ट्र सम्बन्ध, आर्थिक कूटनीति र प्रवासी नेपालीको पूँजी तथा सीपलाई राष्ट्रिय विकाससँग जोड्ने नीति अघि सारेको छ। भूराजनीतिक प्रतिस्पर्धा तीव्र बन्दै गएको वर्तमान अवस्थामा नेपालले सन्तुलित कूटनीति र आर्थिक साझेदारीमार्फत अवसर खोज्नुपर्ने आवश्यकता बढेको छ। डायस्पोराको लगानी, ज्ञान र नेटवर्कलाई राष्ट्रिय विकाससँग जोड्न सकिए अर्थतन्त्रमा नयाँ ऊर्जा थपिन सक्छ।

समग्रमा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम महत्वाकांक्षी, सुधारमुखी र दीर्घकालीन सोचसहित आएको देखिन्छ। तर नेपालमा समस्या नीतिको अभावभन्दा कार्यान्वयनको कमजोरीमा बढी देखिने गरेको छ। जनताले अब भाषण र घोषणाभन्दा प्रत्यक्ष परिणाम खोजिरहेका छन्। त्यसैले सरकारका यी पाँच सिद्धान्त व्यवहारमा रूपान्तरण गर्न सकिए मात्र आर्थिक सुधार, सुशासन र समृद्धिको आधार निर्माण हुनेछ। होइन भने यी प्राथमिकता पनि विगतका योजनाजस्तै कागजमै सीमित हुने जोखिम रहन्छ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# अलैंची खेतीमा आकर्षण बढ्दो



ईलाम/ विदेशी मुद्रा आर्जनमा एक हिस्सा ओगटेको अलैंची खेतीमा इलामका युवा यतिबेला उत्साहित भएका छन् । यसवर्ष सिजनको सुरू देखि नै प्रतिमन ९० देखि एक लाख रूपियाँमा कारोबार भएको अलैंचीबाट राम्रो आम्दानी हुन थालेपछि युवा अलैंची खेती विस्तारमा लागेका हुन् ।

अलैंचीका लागि अहिले बिरूवा रोप्ने समय पनि भएको छ । जेठ, असार, साउन महिना अलैंची रोप्न उत्तम समय मानिन्छ । यही मौका छोपेर अलैंचीको बिरूवा लगाउने मात्र होइन, नयाँ बिरूवा बिक्रीबाट पनि राम्रो आम्दानी हुने गरेको किसानहरु बताउँछन् ।

इलामको माइजोगमाइ–५ का किसान महेश सापकोटाले यो सिजनमा अलैंचीको बिरूवा बिक्रीबाट पनि राम्रो आम्दानी हुने गरेको बताए । गएको वर्ष २२ लाख रूपियाँ मूल्य बराबरको अलैंचीको बिरूवा बिक्री गर्नुभएका सापकोटाले यो वर्ष पनि डेढ लाख बिरूवा बिक्रीको तयारीमा रहेको जनाए । ७० रोपनी जमिनमा अलैंची खेती गर्दै आउनुभएका सापकोटाले यो वर्ष भार्लाङ जातको अलैंची खोटाङ, पाँचथर, ताप्लेजुङसम्म पठाइएको र पश्चिमी जिल्लाहरुबाट पनि माग आइरहेको बताएका छन् ।

गएको वर्ष र यो वर्ष यहाँको उत्पादन पनि निकै राम्रो भएको उनको प्रतिक्रिया छ । गतवर्ष १४ मन अलैंची बिक्री गर्नुभएका सापकोटाले यो वर्ष २५ मन अलैंची बिक्री गरेको बताए । चालु आर्थिक वर्ष २०८२/८३ को नौं महिना अर्थात गएको साउनदेखि चैत मसान्तसम्ममा झापाको मेची भन्सार कार्यालय हुँदै दस अर्ब बढीको अलैंची निर्यात भएको छ । सो अवधिमा दस अर्ब ७० करोड सात लाख १८ हजार रूपियाँ मूल्यको अलैंची निर्यात भएको भन्सार कार्यालयको तथ्यांक छ । यो अवधिमा ५२ लाख ९५ हजार २५० किलो अलैंची निर्यात भएको जनाइएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधि अर्थात २०८१/८२ को साउनदेखि चैत महिनाको निकासीको तुलनामा चालु आर्थिक वर्षमा ४१ दशमलव ५८ प्रतिशत बढीले अलैंची निर्यात भएको तथ्यांकमा उल्लेख छ ।

अलैंचीबाट राम्रो आम्दानी हुन थालेपछि किसानहरूले अलैंची खेती पनि विस्तार गरिरहेका छन् । देशको १४ हजार ३८३ दशमलव पाँच हेक्टर जमिनमा अलैची खेती विस्तार रहेको अलैंची विकास केन्द्र इलामले जनाएको छ ।

# सगरमाथा आरोहणका लागि बाटो तयार



सोलु/ सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि बाटो निर्माण सम्पन्न भएको छ । वसन्तयामको सगरमाथा आरोहणका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति नाम्चेको आयोजनामा आठ जना आइसफल डाक्टरको टोलीले सगरमाथा आधार शिविरबाट क्याम्प(२ सम्म निर्माण गरेपछि त्यसभन्दा माथि एक्सपिडिसन अपरेटर एसोसिएसन अफ नेपालले चुचुरोसम्मको बाटो तयार गरेको हो ।

दोस्रो शिविरभन्दा माथि डोरी टाँग्दै मार्ग निर्माणमा खटिएको अनुभवी आरोहीको टोली सफलतापूर्वक शिखरमा पुगेर डोरी टाँग्ने काम सम्पन्न भएको टोलीको व्यवस्थापन गरिरहेको कम्पनी एक्सपिडिसन अपरेटर एसोसिएसनले अफ नेपालले जनाएको छ ।

कम्पनीका अनुसार मिङ्मा तेम्बा शेर्पाको नेतृत्वमा उनीसहित पासाङनुर्बु शेर्पा र डेन्डी शेर्पाको टोली शिखरमा पुगेको हो । सगरमाथा आरोहणका लागि हरेक सिजनमा गरिने टोरी टाँग्ने काम अत्यन्तै महत्वपूर्ण हुन्छ । अब आरोही तिनै डोरी प्रयोग गर्दै शिखरतर्फ जाने छन् । यस सिजनमा खुम्बु आइसफलमा पुरानो मार्ग अवरूद्ध भएपछि समस्या भएको थियो ।

आइसफल डाक्टरले खुम्बु आइसफलमा बाटो खुलाएपछि दोस्रो शिविरभन्दा माथि अनुभवी आरोही खटिएको जनाइएको छ । शिखरसम्म डोरी टाँग्ने काम भइसकेकाले अब मौसम अनुकूल हेरेर आरोहण सुरू हुने छ । यसपालि सगरमाथा आरोहणका लागि अहिलेसम्मकै धेरै ४९२ जनाले अनुमति लिएका छन् भने सगरमाथाबाट मात्रै रोयल्टीबापत एक अर्ब रूपियाँभन्दा धेरै संकलन भएको छ ।

# पाथिभराको भेटी एक करोड ६ लाख

ताप्लेजुङ/ प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिर (मुक्कुमलुङ) मा एक महिनामा एक करोड ६ लाख बढी भेटी संकलन भएको छ । वैशाख महिनामा उक्त रकम बराबरको भेटी संकलन भएको हो।

पाथीभरा क्षेत्र विकास समितिले हरेक महिनाको भेटी रकम सार्वजनिक गर्दै आइरहेको विवरणअनुसार माघ महिनामा भक्तजनहरूले १ करोड ६ लाख २८ हजार रूपियाँ भेटी पाथीभरा मन्दिरमा चढाएका छन् । पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार विषेशगरी चैत र वैशाख महिना पाथीभरा मन्दिरको सिजन भएका कारण वैशाख महिनामा धेरै भक्तजन पाथीभरा आउनुभएपछि उक्त रकम बारबारको भेटी संकलन भएको छ । तीर्थयात्रीले मन्दिरमा चढाएको भेटी रकम समितिका कर्मचारीले नेपाल प्रहरीको रोहबरमा संकलन गरी पोकामा लाहा छाप लगाई फेदीमा ल्याएर जम्मा गर्ने गरेका छन् । फेदीमा करिब एक सातासम्मको संलकन गरी फुङलिङ रहेको कार्यालयमा ल्याएर दैनिक गणना गरी बैंकमा जम्मा गर्ने प्रचलन रहेको छ । कर्मचारीले कार्यालय समयमा प्रहरी तथा सिसिटिभीको निगरानीमा भेटी गणना गर्नेगरी समितिले व्यवस्थापन गरेको छ। विहीबार सार्वजनिक तथ्यांकअनुसार वैशाख महिनामा ५२ हजार २२८ जना भक्तजन दर्शनका लागि पाथीभरा मन्दिर आएका छन् ।

जानकारी

# घमौरा आउनुको कारण र उपचार



दमक । गर्मीयाममा छालासम्बन्धी विभिन्न रोगले सताउँछ । त्यसमध्ये एक हो घमौरा आउनु । विशेषगरी तराई क्षेत्रमा त यो आम स्वास्थ्य समस्या नै बन्छ । घमौरा पसिनाको ग्रन्थीहरूबाट आउने एक प्रकारको संक्रमण हो, जुन पसिना ग्रन्थीका प्वालहरू कुनै बन्द भएमा आउने गर्छ । अर्थात् छालामा पसिनाका कारण आउने स-साना बिमिरालाई घमौरा भनेर बुझिन्छ । यसलाई चिकित्सकीय भाषामा मिलिरिया भनिन्छ ।

अत्याधिक पसिना आउँदा, छालामा धुलोमैलो जम्मा हुँदा, गर्मीमा बाक्लो लुगा लगाउँदा, प्रदूषित वातावरणको कारण प्वाल बन्द हुनसक्छ । छाला चिलाउने, छालामा रातो-रातो बिमिरा आउने, पोल्ने, शरीर गन्हाउने जस्ता लक्षण घमौरा आउँदा देखापर्छ ।

पसिना निस्कने प्वाल तीन तरिकाले बन्द हुनसक्छ । छालाको सबैभन्दा माथिको पसिना निस्कने प्वाल बन्द भएर आउँछ । यसलाई मिलिरिया क्रिस्टालिना भनिन्छ । जसमा स-साना पानीको थोपाजस्तो देखिन्छ र बिमिरा आउँछ । अधिकांशलाई आउने यही प्रकारको घमौरा हो । पसिना निस्कने ग्रन्थीको ट्युबको बीचको भागमा बन्द भएर आउने घमौरालाई मिलिरिया रूब्रा भनिन्छ । यसमा रातोरातो बिमिरा देखिने हुन्छ । त्यस्तै पसिना ग्रन्थीको सबैभन्दा तल्लो भित्रको भाग बन्द भएर आउने घमौरालाई मिलिरिया प्रोफन्डा भनिन्छ ।

**कसलाई बढी आउँछ ?**

घमौराको समस्या सबैलाई हुनसक्छ । तर यसको समस्या भर्खरै जन्मेका शिशु र ज्वरो आउने बेलामा धेरै हुन्छ ।

**किन हुन्छ ?**

किनभने शिशुहरूमा पसिनाको प्वाल राम्रोसँग विकास भएको हुँदैन । त्यसैले शिशुको पसिना निस्कने प्वाल बन्द हुन्छ । जसकारण घमौराको समस्या हुन्छ । साथै ज्वरो आउँदा शरीरमा तापक्रम बढ्दा आउँछ । शिशु र ज्वरो आउँदा पानीको स-साना फोकाजस्तो देखिने मिलिरिया किस्टेरिया आउने गर्छ ।

त्यस्तै क्षयरोग, मधुमेह, थाइराइड, नसासम्बन्धी समस्या, क्यान्सर, मानसिक रोगका बिरामीलाई पनि घमौराको समस्या हुन्छ । यी रोगका बिरामीमा पसिना धेरै आउने भएकाले प्वाल बन्द हुनपुग्छ ।

कस्सिएको कपडा लगाउँदा, पसिना नसोस्ने कपडा लगाउँदा, लामो समयदेखि बेडरेस्टमा भएका व्यक्तिलाई, पसिना निकाल्ने औषधिको प्रयोग, मोटोपन भएमा हुनसक्छ । त्यस्तै महिनावारी सुक्ने बेलामा महिलालाई यसको समस्या हुनसक्छ । यसबेला इरिटेसन भएर शरीरको तापक्रम बढेर पसिना आउने गर्छ ।

**उपचार**

छाला चिलाउने भएमा औषधिको रूपमा यसमा क्यालामाइन लोसनको प्रयोग गर्न सकिन्छ । यो एक ओभर द काउन्टर (ओटीसी) औषधि हो, जुन छाला हल्का चिलाउँदा प्रयोग गर्न सकिन्छ ।

शरीरलाई चिसो बनाउन चिसो पाउडरको प्रयोग गर्न सकिन्छ । यसले घमौरा कम गर्दैन र यसबाट हुने चिडचिडापन, पोल्ने र चिलाउने समस्यालाई राहत दिने गर्छ । पोल्ने समस्या छ भने सेट्रिजन औषधि खान सकिन्छ ।

घमौरामा कीटाणुको संक्रमण भएमा चिकित्सकलाई जाँच गराउनुपर्छ । ज्वरो छ भने पारासिटामोल खान सकिन्छ तर नभए गर्नुपर्दैन किनभने यसले घमौरालाई कुनै किसिमको असर गर्दैन । तापक्रमलाई नियन्त्रण गर्न सकेमा यो आफैं निको हुन्छ, यसको ठ्याक्कै औषधि उपचार छैन ।

**बच्ने उपाय**

घमौरा आउन नदिने पहिलो उपाय भनेको गर्मीबाट जोगिनु हो । त्यसैले घमौराको समस्या भएमा घाममा कम बस्ने गर्नुपर्छ । शरीरको तापक्रमलाई नियन्त्रण गर्नका लागि धेरै गर्मी भएमा पंखा, एसी, कुलर वा चिसो भएको ठाउँमा बस्न सकिन्छ ।

धेरै पसिना आउने क्रियाकलाप जस्तै खेल्ने, कुद्ने, दौडिने व्यायाम लगायत कम गर्नुपर्छ । कोठामा हावाको आवतजावत बढाउन झ्यालढोका खुल्ला राख्नुपर्छ । शरीरलाई शीतल बनाउने कपडा लगाउँदा सुतीको, कटनको र प्राकृतिक कपडाहरू लगाउनुपर्छ । शरीरलाई चिसो बनाउन नियमित रूपमा दिनकै नुहाउने गर्नुपर्छ । शरीरलाई हाइड्रेट गर्न पानीको सेवन नियमित गर्नुपर्छ । बेटाजिन, डेटल, भ्यासलिन वा विभिन्न क्रम वा लेप बनाएर लगाउने गर्नुहुँदैन । यसले समस्या थप बढ्न सक्छ । यी कुरा गर्न सकेमा घमौरा एक-दुई दिनमा नै निको हुन्छ ।

पुस्तक-साभार

राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# राजनीतिसँग राजकाज

✍ रविन्द्र मिश्र

गताङ्क.....

प्रधानमन्त्री केपी ओली राजनीति नजानेका मान्छे होइनन । करतो राजनीति जाने, त्यो बहसको छुट्टै पाटो हो । तर उनले आफ्नो पार्टीलाई देशको सबभन्दा ठूलो पार्टी मात्र बनाएनन्, इतिहास नै निर्माण गर्ने गरी देशको अर्को ठूलो पार्टीसँग एकीकरण पनि गरिदिए । एउटाबाहेक सबै प्रदेशमा अहिले उनकै पार्टीको नेतृत्व छ । सङ्घीय संसद्मा सरकारलाई साथ दिने अर्को पार्टीसमेत जोडदा उनको दुईतिहाइ बहुमत छ । ०४६ बाट १५ साल आइपुग्दा ३० वर्षमा झन्डै तीसै पटक सरकारको नेतृत्व परिवर्तन हेरेर दिक्क भएका जनताले संसद्मा दुईतिहाइ बहुमतप्राप्त सरकार पाएपछि राजनीतिक स्थिरता र त्यसैको परिणामस्वरूप विकासको अपेक्षा गरेका थिए । शङ्काको लाभ सबैले दिए। तर रङ्गमञ्चमा लगाएको पहिरन उत्रिन समय लागेन ।

राजनीति र राजकाजका लागि कैयौं समान भए पनि कैयौ मिन्न किसिमको दक्षता आवश्यक पर्छ। राजनीतिक नेतृत्व गरेर सत्तामा पुग्न फलामको चिउरा चपाएभन्दा गाह्रो छ। तर सत्तामा पुगिसकेपछि अलिकति मात्रै विचार पुऱ्याउने हो भने राजकाज गर्न तुलनात्मक रूपमा धेरै सजिलो छ भन्ने मेरो बुझाइ हो। झन् दुईतिहाइ समर्थन हुँदा त त्यो सहज नहुने कुरै भएन। सत्ताको एउटा स्थापित संरचना र कडा अनुशासन हुन्छ । बजेटको व्यवस्था र आवश्यक सम्पूर्ण सरसुविधा हुन्छ । उपयुक्त कामका लागि अझ अन्तर्राष्ट्रिय स्तरका विशिष्ट परामर्श र सहयोग लिने ठाउँ रहन्छ। तर ती सबैको सदुपयोग सक्रिय बनाउन पति ने भए चाहिन्छ । नगरपि माल पाएर चाल नपाएपछि गर्नु भने जती हो। अहिले प्रधानमन्त्री केपी ओली र उनका मन्त्रीहरू राजाको पूर्ण विगतका प्रधानमन्त्री सरकारहरू जी । राजकाजका आफ्नै जटिलता नहुने होइनन् । तर अत्यनी सामान्य विषयमा बारम्बार चुकेको देखिएपछि विश्वासहरू आफै टुट्न थाल्छन् ।

उदाहरणका लागि दुईतिहाइ बहुमतप्राप्त सरकारले आमूल परिवर्तनकारी विकासका केही प्रमुख एजेन्डामा दिनरात केन्द्रित हुनुको साटो सात ओटा तोकिएका ठाउँबाहेक सिङ्गो काठमाडौलाई निषेधित क्षेत्र लागू गर्नमा ऊर्जा खेर फाल्नुपर्थ्यो ? समाजवाद उन्मुख सरकारले आफै उठाउनुपर्ने माग डा गोविन्द केसीले उठाइदिँदा उनीमाथि त्यसरी जाइलाग्नुपर्थ्यो गङ्गामाया अधिकारीबारे सर्वोच्च अदालतले गरेको निर्णय पालना गर्न केले रोकेको थियो ? संस्कृत विश्वविद्यालयका कुलपतिलाई त्यस्तो अपमानजनक ढङ्गबाट व्यवहार गर्न हुन्थ्यो ? साढ़े चार करोड रूपैयाँको भारतीय सहयोगमा बनेको पुस्तकालय उद्घाटन गर्न प्रधानमन्त्री आफै जानुपर्थ्यो ? अनि चीनलाई दुई ओटा गैडा हस्तान्तरण समारोहमा प्रधानमन्त्री आफै उपस्थित हुने हो ? यो के गाईजात्रा गरेको ? यस्ता विषयमा अल्झिएपछि वास्तविक राजकाजमा स्वत: औध पुग्ने नै भयो ।

गर्नुपर्ने काम सबै आझेलमा छन्, नगर्नुपर्ने काम सबैमा प्रधानमन्त्री संलग्न छन्। अनि विकास कसरी हुन्छ ? धेरै वर्षपहिले मैले हाउ टू बी अ मिनिस्टर (मन्त्री कसरी बन्ने) शीर्षकको एउटा पुस्तक किनेको थिएँ। जरड कोफमन सन् १९७० देखि २०१७ सम्म बेलायती सांसद रहे। बीचमा उनी मन्त्री र छायामन्त्री भए । क्रमश:.....

मनोरञ्जन

# चलचित्र मायाँदेवी शुभमुहूर्त



उत्तम अधिकारीको निर्देशन रहने वेब सिरिज 'मायादेवी' को शुभमुहूर्त गरिएको छ । मंगलबार कोटेश्वर स्थित महादेव मन्दिरमा पत्रकार तथा कलाकारको उपस्थितिमा सिरिजको मुहूर्त गरिएको हो ।

'सत्य र पीडाको एक रङ्' स्लोगन राखेको सिरिजले गम्भीर र यथार्थपरक कथावस्तु उठाउन लागेको निर्देशक अधिकारीले बताए । नेपाली सिरिजको बजारमा यसले एउटा फरक पहिचान बनाउने उनको भनाई छ ।

रवि गिरी, उत्तम केसी, दिया जिसी, गोविन्द थापा, कर्मा लामा, रामहरि खड्का, देव महर्जन, निर्मल लम्साल, सरिता भण्डारी, सुशीला थापा, गुणाकर अधिकारी, अर्जुन साह, प्रवन भुसाल, मना महर्जन, विजय लामा, सानुमाया लगायत सिरिजमा स्थापित र नयाँ कलाकारको अभिनय रहनेछ । सिल्भर वुल्फ मिडिया र यादबिका एण्ड रियासा फिल्मको संयुक्त प्रस्तुतिमा निर्माण हुन लागेको सिरिज चक्र बहादुर बरालको छायांकन, सन्तोष के. श्रेष्ठको सम्पादन रहनेछ ।




आज मिति
२०८३ साल
जेठ ०२ गते
शनिबार
16 May 2026
तिथि: औंसी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मानसम्मान प्राप्त हुने आम्दानी बढ्न सक्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | खर्च बढ्ने कार्यमा ढिलाई । |
| मिथुन | का कि कु घ ङ छ के को हा | आफ्नो प्रतिभा बढ्ने आफन्तबाट सहयोग । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | नोकरीको अवसर धर्ममा मन लाग्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | अध्ययनमा सफलता राजा पक्षबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | पढाईमा मन लाग्ने व्यापारबाट लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | साहसिक काम गर्ने दिन मावलीबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शैक्षिक मार्गमा सफल आफन्तको सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | शेयर बजारमाबाट लाभ पियजनसँग विवाद । |
| मकर | भो जा जी खि खू खे खो गा गी | शत्रु लाग्न सक्ने सामान्य लाभ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | जिवन साथीबाट सहायेग कारोबारमा सफलता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आयमा बृद्धि मान्यजनको सहयोग । |

# ४८ सडक आश्रित मानवको उद्धार



सुनसरी । मानव सेवा आश्रम तथा आनी छोइङ डोल्मा फाउन्डेसनद्वारा संयुक्त रूपमा सञ्चालन गरिएको 'मेची–महाकाली राष्ट्रिय उद्धार यात्रा अन्तर्गत कोशी प्रदेशबाट ४८ जनाको उद्धार गरिएको छ ।

सहयोगापेक्षी सडक आश्रित मानवहरूको उद्धार गरिएकामध्ये ३६ जना पुरूष र १२ जना महिला रहेका छन् । झापाबाट नौ जनाको उद्धार गरिएकामा चार पुरूष, पाँच महिला, मोरङबाट सात जना जसमा छ पुरूष, एक महिला र सुनसरीका विभिन्न ठाउँबाट ३२ जनाको उद्धार गरिएको छ । जसमा २६ पुरूष र छ जना महिलाको उद्धार गरिएको मानव सेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले जानकारी दिए ।

उद्धार गरिएका सडक आश्रित मानवहरूलाई मानव सेवा आश्रमका विभिन्न शाखामा सुरक्षित संरक्षणका लागि पठाइएको उनले बताए । जसमध्ये १५ जनालाई झापा शाखा, १२ जनालाई विराटनगर शाखा तथा २१ जनालाई धरान शाखामा राखिएको छ ।

वर्षायाम नजिकिँदै जाँदा सडकपेटी, मन्दिर परिसर, सार्वजनिकस्थल तथा खुला आकाशमुनि कष्टकर जीवन बिताइरहेका सहयोगापेक्षी मानवहरूको उद्धारलाई तीव्र बनाइएको अधिकारीको भनाइ छ । वर्षात्को समयमा कसैले सडकपेटीमा बस्न नपरोस् भन्ने उद्देश्यसहित सञ्चालन गरिएको यात्राले विभिन्न जिल्लामा सकारात्मक सन्देश प्रवाह गरिरहेको उनले बताए ।


उद्धार गरिएका सडक आश्रित मानवहरूको आश्रय, भोजन, स्वास्थ्योपचार, मानसिक तथा भावनात्मक सहजीकरणका साथै सम्भव हुने व्यक्तिहरूको पारिवारिक पुनर्मिलनसमेत गरिँदै आएको अध्यक्ष अधिकारीले जानकारी दिए ।

आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनको सहकार्यमा वैशाख २९ गते झापाको काँकडभिट्टास्थित मेची पुलबाट सुरू गरिएको यात्रा मोरङ र सुनसरी हुँदै कोशी प्रदेशको ती नदिने कार्यक्रम सम्पन्न गरी आज – शुक्रबार–देखि मधेस प्रदेशमा केन्द्रित हुने जनाइएको छ ।

उद्धार अभियान यही जेठ २२ गतेसम्म सञ्चालन हुनेछ । अभियानमा आनी छोइङ डोल्मासहित २४ जना स्वयंसेवक टोली सहभागी छन् । परिवार वा आफन्तको आश्रय पाउन नसकी सडकमा जीवन बिताइरहेका नागरिकको उद्धार गरी विभिन्न जिल्लास्थित आश्रममा पुनः स्थापित गरिँदै आएको अध्यक्ष अधिकारीले बताए । हाल मानव सेवा आश्रमका सातै प्रदेशका १९ जिल्लामा २३ शाखा सञ्चालनमा छन् ।

अन्तर्राष्ट्रिय

# व्यापारिक सम्झौता नगरी चीनबाट फर्किए ट्रम्प



एजेन्सी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तीनदिने चीन भ्रमण सकेर अमेरिका फर्किएका छन् । उनले वासिङ्टन फर्किनुअघि चीनका राष्ट्रपति सी चिनफिङसँग आ ̂ नो छलफल सफल, संसारभर चर्चा गर्न योग्य र यादगार भएको प्रतिक्रिया दिएका छन् ।

चीनका सरकारी मिडियाले पनि ट्रम्पको भ्रमण ऐतिहासिक भएको उल्लेख गरेका छन् । यद्यपि, दुवै देशबीच कुनै ठूलो व्यापार सम्झौताको घोषणा भने भएन । ट्रम्प अमेरिकी व्यापारीको टोलीसहित बेइजिङ आएका थिए । उनको यो भ्रमणलाई गत वर्ष स्वीट्जरल्यान्डको जेनेभामा भएको व्यापार वार्ताकै निरन्तरता मानिएकाले यो भ्रमणमा ठूलो व्यापारिक साझेदारी हुने अनुमान गरिएको थियो ।

ट्रम्पको विमान एयरफोर्स वान बेइजिङबाट वासिङ्टनका लागि उडिसकेको छ । उनले बाटोमा नै सञ्चारमाध्यमसँग कुराकानी गर्न सक्ने र सोही क्रममा कुनै विवरण आउन सक्ने अनुमान गरिएको छ ।

ट्रम्प र सीबीच व्यापार, तेल आपूर्ति, इरान र ताइवानजस्ता मुद्दामा वार्ता भएको थियो । यसअघि फक्स न्युजलाई दिएको अन्तर्वार्तामा उनले सीले इरानलाई सैन्य उपकरण नदिने प्रतिबद्धता जनाएको दाबी गरेका थिए ।

ट्रम्पले चीन फेरि होर्मुज स्ट्रेट खुला हुनुपर्ने पक्षमा रहेको समेत बताएका छन् । उनका अनुसार बेइजिङले अमेरिकासँग तेल खरिद गर्नसमेत सहमति जनाएको छ । यद्यपि, वार्ताको ठोस नतिजा वा कुनै औपचारिक सम्झौताबारे दुवै पक्षले कुनै जानकारी सार्वजनिक गरेका छैनन् ।

खेलकुद

# दमक खेलकुद महोत्सव तेक्वान्दोमा दमक-२ बन्यो च्याम्पियन




दमक । दोस्रो दमक खेलकुद महोत्सव(२०८३ अन्तर्गत आयोजित वडा स्तरीय तेक्वान्दो प्रतियोगितामा दमक नगरपालिका वडा नम्बर(२ च्याम्पियन बनेको छ ।

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ सञ्चालित प्रतियोगितामा ८ स्वर्ण जित्दै दमक २ यसवर्ष पनि नगर च्याम्पियन बन्न सफल भएको हो । अघिल्लो वर्ष पनि दमक २ ले तेक्वान्दोमा च्याम्पियन बनेको थियो ।

दमक नगर खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगितामा २९ केजी वजन समूहबाट प्रतिष्पर्धा गरेकी प्रज्ञा तामाङ , साइल राई (२० केजी), इसाक राई (५५ केजी), डिम्पल बस्नेत (२० केजी), साइनो मगर (२६ केजी), रन्जिता तामाङ (४६ केजी), चिनो मगर (३५ केजी) र सुसान तामाङ (४९ केजी) ले स्वर्णपदक जिते ।

त्यसैगरी, सुम्निमा लिम्बू (४२ केजी), भिक्टोर कार्की (३३ केजी) र सिकुम लिम्बू (५५ केजी) मा प्रतिष्पर्धी दुई खेलाडीले काँस्यपदक जिते भने संयोग थापा (२९ केजी), रायन तामाङ (२६ केजी), प्रतिक्षा तामाङ (५० केजी) र प्रगति तामाङ (३३ केजी) ले काँस्यपदक जितेका छन् । पुम्से विधातर्फ सुसान तामाङ र रन्जिता तामाङले पनि कास्यपदक जित्न सफल भए ।

यसैगरि ,दमक ५ ले ६ स्वर्ण पदक जित्दै दोश्रो बनेको थियो । जसअनुसार ३३ केजी वजन समूहबाट अपर्ण धिमाल, ३९ केजीबाट आशिष धिमाल, ४२ केजीबाट रेसु धिमाल , ४४ केजीबाट शुभम अधिकारी र पुम्से तर्फ सेमिना राई र एस्विन तुम्रोकले स्र्वण पदक जितेका थिए । त्यसैगरि, दमक ५ ले ४ रजत र ६ कास्यपदक जित्न सफलभएको थियो । त्यसैगरि, प्रतियोगिताको पुरूषतर्फ सर्वोत्कृष्ठ खेलाडीका रूपमा दमक ५ कै अर्पण धिमाल घोषित भए ।

दमकका १० वटै वडाको सहभागिता रहेको प्रतियोगितामा दमक ४ ले दुई स्वर्ण , ५ काँस्य र ४ रजत पदक जितेको थियो ।

प्रतियोगितामा स्वर्ण पदक जित्ने खेलाडीलाई नगद २ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र, कास्य पदक जित्नेलाई १ हजार ५ सय रूपैयाँसहित मेडल र प्रमाणपत्र तथा रजतपदक जित्ने खेलाडीलाई १ हजार २ सय रूपैयाँ नगदसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

बुधबार सम्पन्न प्रतियोगितामा विजेता खेलाडीहरूलाई समाजसेवी बलराम धिमाल,दमक नगर खेलकुद विकास समितिका सदस्य तथा खेल संयोजक समेत रहेका दमक तेक्वान्दो डोजाङका अध्यक्ष जितु धिमाल लगायतले पुरस्कार वितरण गरेका थिए ।

दमक नगर खेलकुद विकास समितिको आयोजनामा बैशाख २८ देखि ३० गतेसम्म आयोजित तीन दिने खेलकुद महोत्सवमा फूटवल , भलिवल, एथलेटिक्स, चेस, ब्याडमिन्टन, क्रिकेट,आईटीएफ तेक्वान्दो , कराते लगायतको खेल सञ्चालन गरिएको थियो ।

**अमर्यादित......**संसदीय रेकर्डबाट हटाउन संसद् सचिवालयलाई स्लिङ गरेका हुन् । यस्तै सभामुख अर्यालले यहि वैशाख २९ गतेको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपनेता गणेश पराजुलीले प्रयोग गर्नुभएका केही शब्दहरू नियमावली विपरित रहेको भन्दै हटाउन आदेश दिए । सांसद पराजुलीले आ ̂ नो सम्बोधनका क्रममा प्रयोग गर्नुभएको 'भरौटेहरू' र 'यहाँ लुगा लगाएर पनि नाङ्गै हिँडे जस्तो गरी' भन्ने वाक्यांशहरू संसदको गरिमा प्रतिकूल रहेको ठहर गर्दै सचिवालयलाई ती शब्दहरू अभिलेखबाट हटाउन निर्देशन दिइएको हो । सभामुख अर्यालले आगामी दिनमा आ ̂ ना धारणा राख्दा संसदीय मर्यादा र नियमावलीको पूर्ण पालना गर्न सम्पूर्ण सदस्यहरूलाई सचेत गराएका छन् ।

**नियमावलीमा के छ ?**

प्रतिनिधिसभा नियमावलीको नियम २१ मा छलफलमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियमहरू छन् । जसलाई छलफलमा भाग लिने सदस्यले पालन गर्नुपर्दछ ।

जसअनुसार सभामुखको ध्यानाकर्षण गर्नको निमित्त उठ्नुपर्ने र सभामुखले निजको नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नुपर्ने हुन्छ । सभामुखले 'पद अनुकूल आचरण गरेको छैन' भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक सभामुखको आचरणको आलोचना गर्न नहुने भनिएको छ । संविधानको धारा १०५ ले बहसमा बन्देज गरेका विषयमा छलफल गर्न नहुने विषय पनि छ । साथै, अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी बोल्न र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिङ्गलाई होच्याउने वा अरू कुनै किसिमले असर पर्नेगरी बोल्न र असंसदीय शब्द प्रयोग गर्न नहुने प्रावधान छ । बोल्न पाउने अधिकारलाई सदनको कार्यमा बाधा पार्ने मनसायले दुरूपयोग गर्न नहुने विषय पनि नियमावलीमा छ ।

**जेनजी....**करोड बराबरको लेखापरीक्षण पनि सम्पन्न गरिएको प्रतिवेदनमा उल्लेख छ ।

लेखापरीक्षणबाट कुल ८८ अर्ब ९ करोड ११ लाख रूपैयाँ बेरूजु कायम भएको छ। यसमध्ये संघीय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४८ करोड ७७ लाख, प्रदेश सरकारी कार्यालयतर्फ ५ अर्ब २२ करोड ८७ लाख, स्थानीय तहतर्फ १९ अर्ब ४ करोड ७७ लाख तथा समिति एवं अन्य संस्थातर्फ १० अर्ब ३२ करोड ७० लाख रूपैयाँ बेरूजु देखिएको छ। कुल १ लाख ८८ हजार ९१४ बेरूजु दफामध्ये ९४ हजार ४३८ सैद्धान्तिक तथा ९३ हजार ४७६ लगती बेरूजु रहेका छन् । अद्यावधिक बेरूजु भने ७ खर्ब ५५ अर्ब १७ करोड रूपैयाँ पुगेको छ, जुन गत वर्षको तुलनामा करिब २.९९ प्रतिशतले बढी हो ।

प्रतिवेदनअनुसार संघीय सरकारी कार्यालयतर्फ ३ खर्ब ७८ अर्ब ५४ करोड, प्रदेशतर्फ ३३ अर्ब ९६ करोड, स्थानीय तहतर्फ २ खर्ब २० अर्ब ४७ करोड तथा समिति एवं अन्य संस्थातर्फ १ खर्ब २२ अर्ब २० करोड रूपैयाँ अद्यावधिक बेरूजु रहेको छ। अतिरिक्त लेखापरीक्षण, राजस्व, शोधभर्ना तथा वैदेशिक अनुदान र ऋणसँग सम्बन्धित समयमै कारबाही हुनुपर्ने रकम ७ खर्ब ८७ अर्ब ८६ करोड ३ लाख रूपैयाँ पुगेको महालेखाले जनाएको छ ।

महालेखापरीक्षक रायाले यस वर्ष ६३ अर्ब १२ करोड ९५ लाख रूपैयाँ बराबरको बेरूजु सम्परीक्षण गरिएको जानकारी दिए। जसमध्ये संघीय सरकारी कार्यालयतर्फ ४७ अर्ब ४४ करोड ३५ लाख, प्रदेश सरकारी कार्यालयतर्फ १ अर्ब ७४ करोड १६ लाख, स्थानीय तहतर्फ ७ अर्ब ८६ करोड ४२ लाख तथा समिति एवं अन्य संस्थातर्फ ६ अर्ब ८ करोड २ लाख रूपैयाँ रहेको छ। लेखापरीक्षण, प्रारम्भिक प्रतिवेदन तथा सम्परीक्षण प्रक्रियाबाट कुल १४ अर्ब ६३ करोड २७ लाख रूपैयाँ असुल गरी राजस्व खातामा जम्मा गरिएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

महालेखाले सार्वजनिक निकायको कार्यसम्पादनमा सुधार ल्याउन कानुनी, नीतिगत तथा संरचनात्मक सुधार आवश्यक रहेको औँल्याएको छ । प्रतिवेदनमा सार्वजनिक स्रोत( साधनको मितव्ययी, प्रभावकारी र पारदर्शी उपयोग सुनिश्चित गर्न ८ वटा मुख्य सुधारका क्षेत्र पहिचान गरी सुझाव प्रस्तुत गरिएको छ। सरकारी संयन्त्रभित्र देखिएका अस्पष्टता, कमजोर कार्यान्वयन तथा दोहोरिने प्रकृतिका बेरूजु हटाउन सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नुपर्ने महालेखाको निष्कर्ष छ ।

यसैबीच महालेखा परीक्षक रायाले जेन(जी आन्दोलनका कारण यस वर्ष धेरै स्थानीय तह र सरकारी कार्यालयको लेखापरीक्षण प्रभावित भएको जानकारी दिए । आन्दोलनका क्रममा कतिपय कार्यालयमा क्षति पुग्नु, कागजात जलेर नष्ट हुनु तथा अभिलेख व्यवस्थित नभएकाले धेरै निकायको अडिट गर्न नसकिएको उनले बताए। गत वर्ष ७५५ स्थानीय तहको लेखापरीक्षण गरिएकोमा यस वर्ष ७२१ स्थानीय तहको मात्रै अडिट भएको छ। १७९ वटा कार्यालयका कागजात नष्ट हुँदा करिब १ खर्ब ४७ अर्ब ९० करोड रूपैयाँ बराबरको लेखापरीक्षण हुन नसकेको उनले जानकारी दिए ।

यद्यपि स्थानीय तहको बेरूजु भने पछिल्ला वर्षहरूमा घट्दो क्रममा रहेको महालेखा परीक्षक रायाले बताए। उनका अनुसार केही वर्षअघि स्थानीय तहको बेरूजु ३१ अर्ब रूपैयाँ रहेकोमा गत वर्ष २५ अर्ब र अहिले १९ अर्ब रूपैयाँमा झरेको छ। यसले स्थानीय तहमा वित्तीय अनुशासन क्रमशः सुधार हुँदै गएको संकेत गर्ने उनको भनाइ छ। प्रतिवेदनमा औँल्याइएका विषयमा प्रभावकारी कार्यान्वयन भए आगामी वर्षहरूमा बेरूजु अझ घट्ने अपेक्षा गरिएको छ ।

**कोशी....**समायोजन भए पनि नयाँ बेरूजु थपिएपछि कोशी प्रदेशको कुल अद्यावधिक बेरूजु ५ अर्ब ६३ करोड ५ लाख ३९ हजार रूपैयाँ पुगेको हो । यो बेरूजु रकममध्ये ३ करोड ११ लाख रूपैयाँभन्दा बढी पेस्की बाँकी रहेको देखिन्छ ।

कोशी प्रदेशले बजेट कार्यान्वयन र खर्च गर्ने क्षमतामा भने अन्य प्रदेशहरूलाई उछिनेको छ । सातै प्रदेशको औसत खर्च ७१.३२ प्रतिशत रहँदा कोशी प्रदेशले सबैभन्दा बढी ७९.८९ प्रतिशत बजेट खर्च गरेको छ । गएको आर्थिक वर्षमा कोशी प्रदेशको कुल बजेट ३५ अर्ब २७ करोड ९३ लाख रूपैयाँको थियो । जसमध्ये कूल खर्च २८ अर्ब १८ करोड २९ लाख रूपैयाँ भएको छ । जसमा चालू खर्च १४ अर्ब ३५ करोड ९५ लाख रूपैयाँ र पुँजीगत खर्च १३ अर्ब ८२ करोड ३३ लाख रूपैयाँ रहेको छ ।

कोशी प्रदेशले राजस्व संकलन पनि सन्तोषजनक नै गरेको छ । प्रदेशले कर राजस्व, गैर(कर राजस्व र बाँडफाँटबाट प्राप्त हुने राजस्व गरी कुल १ अर्ब ७३ करोड ८० लाख रूपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा १ अर्ब ६० करोड २६ लाख रूपैयाँ अर्थात् ९२.२१ प्रतिशत स[illegible]लन गर्न सफल भएको हो। यो राजस्व संकलन प्रतिशत सातै प्रदेशमध्ये सबैभन्दा बढी हो।

कोशी प्रदेशको अर्को सकारात्मक पक्ष आन्तरिक स्रोतको परिचालन देखिएको छ। प्रदेशले गरेको कुल खर्चमध्ये ५९.८६ प्रतिशत हिस्सा आन्तरिक स्रोतबाटै बेहोरिएको छ । कुल २८ अर्ब १८ करोड खर्च गर्दा १६ अर्ब ८७ करोड रूपैयाँ आन्तरिक स्रोतबाट जुटाइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

कोशी प्रदेशले सङ्घीय सरकारबाट विभिन्न चार शीर्षकमा ठुलो रकम अनुदान प्राप्त गरेको छ। जसमा वित्तीय समानीकरण अनुदान ८ अर्ब २० करोड ६३ लाख रूपैयाँ, सशर्त अनुदान ३ अर्ब ८७ करोड ९७ लाख रूपैयाँ, विशेष अनुदान ९४ करोड १७ लाख रूपैयाँ र समपूरक अनुदान ६४ करोड १२ लाख रूपैयाँ रहेको छ ।

**अस्पताल....**गरिएको वा खाली जग्गामा पुनः अतिक्रमण हुन नदिन कम्पाउण्ड वाल – घेराबार) वा अन्य आवश्यक सुरक्षात्मक उपायहरू अवलम्बन गर्ने तथा जग्गासम्बन्धी लालपुर्जा र स्रेस्ता अद्यावधिक गरी मालपोत तथा नापी कार्यालयबाट प्रमाणित अभिलेख सुरक्षित राख्ने व्यवस्था मिलाउनुपर्नेछ,' पत्रमा भनिएको छ ।

शाखा अधिकृत कौशल पाण्डेद्वारा हस्ताक्षरित यस परिपत्रमा वीर अस्पताल, विपी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, कान्ति बाल अस्पताल, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, कोशी अस्पताल, शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल लगायतका महत्वपूर्ण स्वास्थ्य संस्थाहरूलाई आ ̂ नो सम्पत्तिको रक्षा गर्न निर्देशित गरिएको छ । लामो समयदेखि सरकारी अस्पतालका जग्गाहरू विभिन्न बाहानामा मिचिने र प्रयोग गरिने गुनासो आइरहेका बेला मन्त्रालयको यो सक्रियताले देशभरका सरकारी अस्पतालको अर्बौं मूल्य पर्ने जग्गा संरक्षण हुने र अस्पतालको दीर्घकालीन विकासमा मद्दत पुग्ने विश्वास गरिएको छ ।

**कमल....**कमल गाउँपालिका वडा नं ६ स्थित बाणी माध्यमिक विद्यालयका केही शिक्षकले अन्य शैक्षिक संस्थामा समेत अध्यापन गरिरहेको भन्ने गुनासो आएपछि यथार्थ विवरण पेश गर्न विद्यालयलाई निर्देशन समेत दिइएको छ ।

गाउँपालिकाको शिक्षा शाखाबाट जारी पत्रअनुसार विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक तथा सरोकारवालाले संयुक्त हस्ताक्षरसहित दिएको निवेदनका आधारमा सो विषयमा चासो लिइएको हो । निवेदनमा विद्यालयका प्रधानाध्यापकसहित केही शिक्षकले अन्य शिक्षण संस्थामा समेत अध्यापन गरिरहेको उल्लेख गरिएको शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेद्धारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

**लामा...**नेपाली कम्युनिस्ट पार्टी बनाएपछि लामाले दल त्याग गरी नेकपा (एमाले) मा प्रवेश गरेका थिए । जिल्ला समन्वय समिति प्रमुखमा निर्वाचित हुँदाको दलहरू एकीकरण पछिको नेपाली कम्युनिस्ट पार्टीमा आवद्ध नभइ एमालेमा प्रवेश गरेका कारण लामाको पद गुमेको हो ।

आयोगले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३२ को उपदफा (१) र राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम २२ बमोजिम दल त्याग गर्नेलाई पदमुक्त गरेको जनाएको छ । लामा जिल्ला समन्वय समिति महासङ्घ कोशी प्रदेश समितिका अध्यक्षसमेत रहेका थिए ।

# अनुसन्धान विभाग प्रधानमन्त्री मातहतमा

दमक/ गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय अनुसन्धान विभाग पुनः प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत लगिएको छ । गत बुधबार बसेको मन्त्रिपरिषद बैठकले नेपाल सरकार (कार्यविभाजन) नियमावली २०८३ स्वीकृत गर्दै राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत लगेको हो। स्वीकृत नियमावली अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कार्यक्षेत्र पनि विस्तार भएको छ । अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत ४८ निकाय तथा कामका क्षेत्र परेका छन् ।

यसअघि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा २०७५ फागुन १६ गते राष्ट्रिय अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण, राजस्व अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत लगिएको थियो । जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले २०८२ साल असोज ९ गते पुनः मन्त्रालयमै फर्काइएको थियो ।

राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालय र सम्पत्ति शुद्धीकरण राजस्व अनुसन्धान विभाग अर्थमन्त्रालयमा फर्काइएको थियो।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

ई-रिक्सा मूल्य सूची सम्बन्धी सूचना
शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि. दमकमा ARROW AUTO motive इन्डीयन ब्रान्डको EV-II मोडल ५ सीट क्षमताको इन्डीयन ई-रिक्सा रू. १५७६०० मुल्यमा उपलब्ध छ ।
size (L2800xW 1000x H1800) MM
शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि.
प्यान नं. ६०३५१५३३८, दमक-८, झापा, सम्पर्क : ९८५२६५००६१

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल